# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, साउन ३ गते २०३४ साल

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४

नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ र ८ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "लेखा समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०३४" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा "लेखा समूह" भन्नाले नेपाल प्रशासन सेवाअन्तर्गत लेखासम्बन्धी काम गर्ने कर्मचारीको समूह सम्झनु पर्छ।

३. लेखा समूहमा रहने श्रेणी र पदः (१) लेखा समूहमा राजपत्र अनंकित तृतीय श्रेणी–देखि राजपत्रांकित द्वितीय श्रेणीसम्मको पद रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२०

(२) लेखा समूहमा रहने पद अनुसूचीमा तोकिएबमोजिम हुनेछ।

(३) श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक संशोधन गर्न सकिनेछ।

४. रिक्त पदको पूर्तिः (१) लेखा समूहको रिक्त पदको पूर्ति देहायबमोजिम गरिनेछः–

(क) राजपत्राँकित द्वितीय श्रेणीको पद रिक्त भएमा लेखा समूहका राजपत्राँकित तृतीय श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा।

(ख) राजपत्राँकित तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा लेखा समूहका राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा।

(ग) राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्तिद्वारा वा बढुवा हुने पदको एक श्रेणी मुनिको लेखा समूहको कर्मचारीहरूमध्येबाट बढुवाद्वारा।

(घ) राजपत्र अनंकित तृतीय श्रेणीको पद रिक्त भएमा नयाँ नियुक्ति वा बढुवाद्वारा

(२) उप–नियम (१) को खण्ड (ख) बमोजिम राजपत्राँकित तृतीय श्रेणीको रिक्त पद पूर्ति गर्दा जम्मा रिक्त पदको पच्चीस प्रतिशतसम्म पदहरूमा लेखा समूहका राजपत्र अनंकित प्रथम श्रेणीका कर्मचारीहरूमध्येबाट आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरिनेछ।

(३) उप–नियम (१) को खण्ड (ग) बमोजिम राजपत्र अनंकित प्रथम र द्वितीय श्रेणीको रिक्त पद पूर्ति गर्दा जम्मा रिक्त पदको पचास प्रतिशतसम्म पदहरूमा बढुवा गरिने पदभन्दा एक श्रेणी मुनिका लेखा समूहका कर्मचारीहरूमध्येबाट बढुवाद्वारा पूर्ति गरिनेछ।

५. नयाँ नियुक्तिः निजामती सेवा नियमावली, २०२१ बमोजिमको कुनै अयोग्यता नभई देहाय–बमोजिमको शैक्षिक योग्यता भएको व्यक्ति लेखा समूहको देहायको श्रेणीमा नयाँ नियुक्ति–को लागि योग्य मानिनेछ।

(क) राजपत्राँकित तृतीय श्रेणीको लागि स्वीकृत शिक्षण संस्थाबाट वाणिज्य विषयमा स्नातक भएको वा अर्थशास्त्र, गणित वा तथ्याँक विषयमा स्नातक भई लेखा वा लेखा परीक्षणसम्बन्धी काममा तालीम प्राप्त गरेको वा सो काममा दुई वर्षको अनुभव प्राप्त गरेको।

(ख) राजपत्र अनंकित प्रथम श्रेणीको लागि आई. कम. वा वाणिज्य विषयमा प्रमाण–पत्रस्तर उत्तीर्ण भएको वा आई. ए. वा सो सरह

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२८

उत्तीर्ण भई लेखा वा लेखा परीक्षणसम्बन्धी काममा तालीम प्राप्त गरेको वा सो काममा एक वर्षको अनुभव प्राप्त गरेको ।

(ग) राजपत्र अनंकित द्वितीय श्रेणी र तृतीय श्रेणीको लागि लोक सेवा आयोगबाट निर्धारित शैक्षिक योग्यता प्राप्त गरेको ।

६. सरुवा: शैक्षिक योग्यता र कार्य विशिष्टताको आधारमा श्री ५ को सरकारले महालेखा नियन्त्रकको राय लिई लेखा समूहका कुनै कर्मचारीलाई नेपाल प्रशासन सेवाको अन्य समूह वा पदमा सरुवा गर्न वा नेपाल प्रशासन सेवाको अन्य समूह वा पदबाट लेखा समूहमा सरुवा गर्न सक्नेछ ।

७. बढुवा: (१) लेखा समूहका कर्मचारीको बढुवा सो समूहभित्र मात्र हुनेछ ।

(२) उप–नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लेखा समूहको राजपत्राँकित द्वितीय श्रेणीको कर्मचारी नेपाल प्रशासन सेवाको राजपत्राँकित प्रथम श्रेणीको कुनै पदको लागि हुने बढुवामा सम्भाव्य उम्मेदवार हुन पाउनेछ ।

८. विभागीय प्रमुख: महालेखा नियन्त्रक लेखा समूहका कर्मचारीहरूको विभागीय प्रमुख हुनेछ ।

९. कर्मचारीको पदस्थापन: लेखा समूहका कर्मचारीको पदस्थापन महालेखा नियन्त्रकले गर्नेछ ।

१०. काजमा खटाउने सम्बन्धमा व्यवस्था: (१) लेखा समूहका कर्मचारीलाई महालेखा नियन्त्रकले काजमा खटाउन सक्नेछ ।

(२) महालेखा नियन्त्रक बाहेक अन्य कुनै अधिकारीले लेखा समूहको कुनै कर्मचारीलाई लेखाको काम बाहेक अन्य कुनै काममा काज खटाउन परेमा महालेखा नियन्त्रकको सहमती प्राप्त गर्नु पर्नेछ ।

११. लेखा भत्ता: लेखा समूहका कर्मचारीहरूलाई श्री ५ को सरकारले लेखा भत्ता दिन सक्नेछ र त्यस्तो लेखा भत्ताको दर श्री ५ को सरकारले समय समयमा तोकेबमोजिम हुनेछ ।

१२. बचाउ: यस नियमावलीमा लेखिए जतिमा यसै नियमावलीबमोजिम र अरूमा निजामती सेवा नियमावली, २०२१ बमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची

(नियम ३ को उप–नियम (२) संग सम्बन्धित)

| राजपत्राँकित द्वितीय श्रेणी | राजपत्राँकित तृतीय श्रेणी | राजपत्र अनङ्कित प्रथम श्रेणी | राजपत्र अनङ्कित द्वितीय श्रेणी | राजपत्र अनङ्कित तृतीय श्रेणी |
|---|---|---|---|---|
| १. लेखा नियन्त्रक | १. उप–लेखा नियन्त्रक | १. लेखापाल | १. सह–लेखापाल | १. सहायक लेखापाल |
| २. मुख्यलेखा अधिकृत | २. बडा लेखापाल | २. लेखा परीक्षण अधिकृत | २. लेखा निरीक्षक | |
| ३. मुख्य लेखापाल | ३. लेखा अधिकृत | ३. सहचारी लेखा | ३. सहचारी | |
| ४. उप–महालेखा नि–यन्त्रक | ४. लेखा परीक्षण अधि-कारी | | | |
| ५. लेखा परीक्षण निर्दे–शक | ५. लेखा परीक्षक | | | |
| ६. मुख्य लेखा परीक्षक | ६. रक्षा लेखा उप–निय-न्त्रक | | | |
| ७. कोष नियन्त्रक | ७. द्वितीय सचिव लेखा | | | |
| ८. रक्षा लेखा नियन्त्रक | | | | |

आज्ञाले–

हरिहरजङ्ग थापा

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३३०